# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

## प्रधान कार्यालय
## कर्जा असुली विभाग

### नेपाल बैंक लिमिटेडको धितोमा रहेको सुरक्षण गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना
### (प्रकाशित मिति २०७९/०९/०३)

नेपाल बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखाहरुबाट कर्जा पार्टीहरुले उपभोग गरेका कर्जाहरुको भुक्तानी म्याद समाप्त भई कर्जा चुक्ता गर्नका लागि पटक-पटक तरताकेता गरिएकोमा हालसम्म पनि कर्जा चुक्ता नभएको हुँदा सुरक्षण बापत बैंकलाई लेखिदिएको तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने हुँदा सो चल अचल सम्पत्ति खरिद गर्न इच्छुक फर्म वा व्यक्तिबाट आफूले के-कति मूल्य तिरी लिने हो मूल्य खोली सम्बन्धित शाखा वा यस विभागबाट उपलब्ध गराएको फाराम भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन (अर्थात मिति २०७९/०९/१७ गते आईतबार) भित्र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिन निम्नानुसारको शर्तनामालाई पालना गरी गोप्य सिलबन्दी बोलपत्र सम्बन्धित शाखा वा यस विभागमा पेश गर्नुहुन आव्हान गरिएको छ।

१. बोलपत्र फाराम दस्तुर पछि फिर्ता नहुने गरी जम्मा गरेपछि सम्बन्धित शाखा वा प्रधान कार्यालय कर्जा असुली विभागबाट उपलव्ध गराइनेछ।
२. बोलपत्र पेश गर्दा खाम बाहिर आफुले लिन चाहेको "सम्बन्धित जग्गा, घर टहरा खरिद गर्ने बारेको गोप्य सिलबन्दी बोलपत्र" भनी उल्लेख गर्नुपर्नेछ।
३. यस सुचनाको मितिले १६औं दिन (अर्थात मिति २०७९/०९/१८ गते सोमबार) वा उक्त दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिनको १:०० बजे सम्बन्धित शाखा र प्रधान कार्यालय कर्जा असुली विभागमा बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरुको उपस्थिति तथा मान्य प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
४. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम यस बैंकको सण्ड्री केडिटर्स हिसाबमा जम्मा गरेको सक्कल भौचर वा यस बैंकको नाममा कम्तिमा ३ महिनाको म्याद भएको यस बैंक बाहेक अन्य बैंकको जमानत पत्र वा Managers Cheque/ Good for Payment Cheque धरौटी बापत पेश गर्नुपर्नेछ।
५. बोलपत्र स्वीकृत भएपछि सो को सूचना पत्रबाट दिइनेछ र उक्त सूचना दिएको मितिले ३५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको सम्पत्तिहरु आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ। उपरोक्त म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत: जफत हुनेछ।
६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। सोको कारण बोलपत्रदातालाई दिइने छैन।
७. जग्गा, घर टहरा, मिल मेशिनरी र सवारी साधनसँग सम्बन्धित कागजात हेर्न चाहनेले सम्बन्धित शाखा वा प्रधान कार्यालय, कर्जा असुली विभाग र अचल सम्पत्ति स्थलगत रुपमा हेर्न चाहेमा सम्बन्धित शाखामा सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ।
८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए वमोजिम हुनेछ।
९. बोलपत्र स्वीकृत भएपछि हक हस्तान्तरण गर्दा नियमानुसार लाग्ने सबै सरकारी दस्तूर खरिद गरिलिने फर्म वा व्यक्ति स्वयम्ले व्यहोर्नुपर्नेछ।
१०. निम्न उल्लेखित जग्गा, घर टहरा छुट्टाछुट्टै वा संयुक्त खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ।
११. व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ। फर्म/कम्पनीले खरिद गर्दा सो फर्म/कम्पनी दर्ता प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।
१२. रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा शर्तहरु राखी पेश भएको बोलपत्रहरु उपर कुनै कारवाही हुनेछैन।
१३. बोलपत्रमा उल्लेख गर्नुपर्ने सबै कुराहरु स्पष्ट रुपमा केरमेट नगरी लेख्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

## तपसिल

### पाल्पा शाखा

**१. ऋणीको नाम :– श्री भगवती सप्लायर्स (प्रो. दिपक गिरी), साबिक तानसेन - १, खरिपानी, पाल्पा**
**श्री भगवती पोल्ट्री फर्म (प्रो. सुष्मा गिरी), साबिक तानसेन - १, खरिपानी, पाल्पा**
**दिपक गिरी (साबिक तानसेन - १, पाल्पा) र सुष्मा गिरी (साबिक बेनीमणिपुर - १, नवलपरासी)**

| सुरक्षणधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (व.मि.) | | |
| दिपक गिरी | पाल्पा जिल्ला, साबिक बराङदी - २ | ६१५ | ३२०.३७ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ३०००/- |
| | | ६१८ | ७२.२२ | | रु. १०००/- |
| सुष्मा गिरी | पाल्पा जिल्ला, साबिक बराङदी - २ | ५९४ | ४६४.६२ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. १०००/- |

### चरिकोट शाखा

**१. ऋणीको नाम :– गौरीशंकर सुनचादी पसल (प्रो. इन्द्र बहादुर रिजाल), भिमेश्वर न.पा. - ६, दोलखा**
**श्रीराम ज्वेलर्स (प्रो. राम शरण रिजाल), साबिक भिमेश्वर न.पा. - १०, दोलखा**
**इन्द्र बहादुर रिजाल (साबिक चरिकोट - ४, दोलखा), राम शरण रिजाल, गोबिन्द रिजाल र हरिशंकर रिजाल (साबिक भिमेश्वर न.पा. - १०, दोलखा)**

| सुरक्षणधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (व.मि.) | | |
| इन्द्र बहादुर रिजाल | दोलखा जिल्ला, साबिक दोलखा - ८ | २२०३ | ५०९ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. १०००/- |
| राम शरण रिजाल<br>गोबिन्द रिजाल<br>हरिशंकर रिजाल<br>इन्द्र बहादुर रिजाल | दोलखा जिल्ला, साबिक चरिकोट - ४ | १४८४ | ११६ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५०००/- |

| २. ऋणीको नाम :– भिमेश्वर वस्त्रालय (प्रो. हरि बहादुर श्रेष्ठ), साबिक भिमेश्वर न.पा. - १०, चरिकोट, दोलखा<br>नितेश एण्ड निर्भिक मल्टीप्रपोज कम्पनी (प्रो. हरि बहादुर श्रेष्ठ), भिमेश्वर न.पा. - ६, चरिकोट, दोलखा<br>हरि बहादुर श्रेष्ठ (साबिक भिमेश्वर न.पा. - ५, दोलखा) र निर्मला शिवाकोटी (साबिक लामिडाँडा - ६, दोलखा) | | | | | |
|---|---|---|---|---|---|
| **सुरक्षणधनीको नाम** | **सुरक्षणको विवरण** | | | **कैफियत** | **फाराम दस्तूर** |
| | **ठेगाना** | **कि.नं.** | **क्षेत्रफल (व.मि.)** | | |
| हरि बहादुर श्रेष्ठ | दोलखा जिल्ला, साबिक चरिकोट - ३ | २४३९ | २४० | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. १०००/- |
| निर्मला शिवाकोटी | दोलखा जिल्ला, साबिक चरिकोट - ४ | ३९१४ | ०००४७ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५०००/- |
| | | ३९१६ | ०००१७ | | |
| | | ३९१७ | ०००१३ | | |
| | | ५४४८ | ०००१३ | | |
| | | ६७०७ | ०००८० | | |

## रोल्पा शाखा

| १. ऋणीको नाम : एल.के.स्टोर्स (प्रो. तिलसरी घर्ती) - साबिक लिवाङ - ६, रोल्पा | | | | | |
|---|---|---|---|---|---|
| **सुरक्षणधनीको नाम** | **सुरक्षणको विवरण** | | | **कैफियत** | **फाराम दस्तूर** |
| | **ठेगाना** | **कि.नं.** | **क्षेत्रफल (व.मि.)** | | |
| तिलसरी घर्ति | रोल्पा जिल्ला साबिक लिवाङ - ६ | १९३० | ३१.८० | जग्गा, घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु.१००० |
| | | १९२४ | ९३.०० | | |